नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
(योजना तथा जग्गा प्रशासन शाखा)

फोन नं.: ४१०६७६९, ४१०६८४२, ४१०६५०८, ४१०६८३३
फ्याक्स नं. ४१०६७५७
ईमेलः info@dos.gov.np

मिनभवन
काठमाडौं, नेपाल

पत्र संख्याः- ३।१।०७७।७८
प्राप्त पत्र संख्याः- .................
च.नं.:- ७८

मितिः २०७७/०६/१४

विषयः <u>सहयोग गर्ने सम्बन्धमा ।</u>

श्री नापी कार्यालयहरु सबै ।

प्रस्तुत विषयमा भूमि सम्बन्धी समस्या समाधान आयोगको प.सं. २०७७/०७८, च.नं. ९६, मिति २०७७/०५/३१ को प्राप्त पत्रको छायाँप्रति यसंसाथ संलग्न छ ।

सो सम्बन्धमा आयोगको कार्यको सिलसिलामा केही प्राविधिक तथा केही नापी कार्यालयसंग सम्बन्धित कागजात माग भएमा उपलब्ध गराइदिनु हुन आदेशानुसार अनुरोध छ ।

..........०७७।६।१४

(राम कुमार बस्नेत)
नापी अधिकृत

*बोधार्थः*
श्री सूचना, प्राविधिक तथा यन्त्र उपकरण शाखाः यो सूचना विभागको website मा प्रविष्ट गरिदिनु हुन ।

नेपाल सरकार

# भूमि सम्बन्धी समस्या समाधान आयोग

ताहाचल, काठमाण्डौ

(प्रशासन शाखा)

पत्र संख्याः- २०७७/०७८

चलानी नं.- ५६

मितिः-२०७७/०५/३१

नापी विभाग
दर्ता नं. ११५४
प्राप्त मिति : २०७७-६-१

बिषयः- मातहतलाई परिपत्र गरिदिनु हुन ।

श्री भूमि व्यवस्थापन तथा अभिलेख विभाग
बबरमहल, काठमाण्डौ ।

नेपाल सरकारबाट बिभिन्न समयमा गठन भएका आयोग, समिति, बिशेष समिति र कार्यदलबाट तत्कालीन समयमा भूमिहीन तथा सुकुम्बासीका हैसियतमा प्राप्त गरेका जग्गाहरु बिक्री वितरण गरी पुनः भूमिहीन/ सुकुम्बासीका हैसितयमा जग्गा प्राप्त गर्न सकिने आशामा त्यस्ता क्रियाकलापहरु भईरहेको भन्ने बिषयका समाचारहरु विभिन्न सञ्चार माध्यमहरुबाट जानकारीमा आएको हुँदा यस आयोगको गम्भिर ध्यानाकर्षण भएको छ।

भूमि सम्बन्धी (आठौं संशोधन) ऐन, २०७६ को दफा ५२ख को उपदफा (५) मा "कुनै ब्यक्ति वा निजको परिवारलाई नेपाल सरकारले कुनै प्रकारले सरकारी जग्गा वा आवास उपलब्ध गराएको रहेछ भने त्यस्तो व्यक्ति वा परिवारलाई यस दफा बमोजिम जग्गा उपलब्ध गराईने छैन ।" भन्ने स्पष्ट व्यवस्था भएको हुँदा आगामी दिनमा भूमिहीन सुकुम्बासीको रुपमा आयोगबाट निःशूल्क जग्गा प्राप्त गर्न आवेदन पेश गर्ने व्यक्तिहरुको पहिचान र प्रमाणीकरण गर्ने कार्यलाई थप व्यवस्थित बनाउन जिल्लास्थित भूमिसुधार तथा मालपोत कार्यालयहरुबाट त्यस्ता प्रकृतिका जग्गाको हक हस्तान्तरण गर्ने व्यक्तिहरुको नाम, थर, वतन, ना.प्र. प. नं. आवश्यक पर्ने भएकोले आयोग, कार्यदल, समिति, बिशेष समितिबाट प्राप्त गरेका जग्गाहरुको हक हस्तान्तरणको अध्यावधिक अभिलेख आयोगको email ठेगाना info@lirc.gov.np मा पाक्षिक रुपमा पठाईदिने व्यवस्थाका लागि मातहतका निकायमा परिपत्र गरिगरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

(बसन्त प्रसाद पन्थी)
उप सचिव

<u>बोधार्थः</u>

श्री भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
सिंहदरबार, काठमाण्डौ ।

~~श्री~~ नापी विभाग , मीनभवन